## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१३७

आज मिति २०८३/०१/२२ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३७ मितिः २०८३/०१/२२

**प्रस्तावहरुः**

१. पुस्तकालय व्यवस्थापनका लागि जग्गा पास/नामसारी सम्बन्धमा।
२. स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने सम्बन्धमा ।
३. स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा।
४. सति घाँटु नाच मूल समारोह समितिलाई सति घाँटु नाच समारोह सञ्चालनका लागि रकम उपलब्ध गराउने सम्बन्धमा।
५. भुमेदेवी मन्दिरमा वैशाख पूर्णिमाको उपलक्ष्यमा सञ्चालन भएको पूजाका लागि रकम उपलब्ध गराउने सम्बन्धमा।
६. उत्तरगया गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८३ सम्बन्धमा।
७. बोगटीटार एकीकृत बस्तीका लागि खानेपानी पाइप व्यवस्थापन सम्बन्धमा।
८. ठेक्का म्याद थप गर्ने सम्बन्धमा ।
९. वैद्य श्री शुष्मा रैलालाई सेवा अवधि वापतको रकम उपलब्ध गराउने सम्बन्धमा।
१०. ५ नं. वडा कार्यालयको रकम भुक्तानी सम्बन्धमा।
११. वेत्रावती प्रहरी चौकीको मोटरसाइकल मर्मत सम्बन्धमा।
१२. ढुङ्गा गिट्टीको अमानत संकलन स्थगित गर्ने सम्बन्धमा।
१३. घ- वर्गको इजाजतको प्रमाण-पत्र जारी गर्ने सम्बन्धमा।
१४. भौगर्भिक अध्ययनको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१५. पशु सेवा शाखाको औषधी खरिद सम्बन्धमा।
१६. स्वास्थ्य शाखाको औषधी खरिद सम्बन्धमा।

**निर्णयहरुः**

१. उत्तरगया गाउँपालिका वडा नं ३ साविक ठूलोगाउँ गा.वि.स वडा नं ३ बस्ने मंगल गुरुङको नाममा दर्ता कायम भएको साविक ठूलोगाउँ गा वि स वडा नं २ कित्ता नं १९४ को कुल २ रोपनी १० आना ३ दामको जग्गामा भुमेदेवी पुस्तकालयको भवन निर्माण गरिएको तर बजेट अभावका कारण उक्त भवन पूर्ण रुपमा निर्माण नभएकोमा आ.व २०८२/०८३ मा पनि बागमती प्रदेश सरकारबाट उक्त अधुरो भवन पूर्ण रुपमा निर्माण गर्नका लागि बजेट प्राप्त भएको छ। यसरी विनियोजन भएको बजेटबाट भवन निर्माणको कार्य गर्नका लागि भवन

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

निर्माण भएको स्थलको जग्गा स्वामित्व लिने निकायको नाममा रहुनपर्ने भन्ने उल्लेख भई आएको छ । हाल उक्त जग्गा भएको स्थलको जग्गा मध्ये सम्बन्धित जग्गाधनी श्री मंगल गुरुङले ४ आनाजग्गा पुस्तकालयको नाममा दान गर्न सहमति समेत गर्नुभएकोले उक्त जग्गा पुस्तकालयको नाममा कायम गर्नका लागि आवश्यक कार्य गर्नका लागि सम्बन्धित वडाका वडा अध्यक्ष श्री लाल बहादुर तामाङ लामा र वडा सचिव श्री आशकाजी गुरुङलाई प्रतिनिधि तोकी मालपोत कार्यालय, रसुवामा सिफारिस गर्ने निर्णय गरियो।

२. स्थानीय तहले आफ्नै स्रोतबाट खर्च व्यहोर्ने गरी गाउँपालिकाभित्रको गणना कार्यलाई सहयोग र सहजीकरण गर्नका साथै आफ्नो क्षेत्रभित्र आर्थिक क्रियाकलाप सञ्चालन गर्ने व्यवसाय तथा प्रतिष्ठानको पूर्ण गणना भएको प्रत्याभूति गर्न सम्बन्धित स्थानीय तहको अध्यक्षको संयोजकत्वमा स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्न सक्ने व्यवस्था रहेकोले तपसिल बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| श्री माधव प्रसाद अर्याल | – गाउँपालिका अध्यक्ष | – संयोजक |
| श्री चमेली गुरुङ | – गाउँपालिका उपाध्यक्ष | – सदस्य |
| श्री खुवा बहादुर गुरुङ | – वाणिज्य व्यापार संघ संस्थाको प्रतिनिधि | – सदस्य |
| श्री कृष्ण लाल नगरकोटी | – वाणिज्य व्यापार संघ संस्थाको प्रतिनिधि | – सदस्य |
| श्री रुक्मिणी भट्टराई | – वाणिज्य व्यापार संघ संस्थाको प्रतिनिधि | – सदस्य |
| श्री प्रहरी चौकी इन्चार्ज | – सुरक्षा प्रतिनिधि | – सदस्य |
| श्री होमनाथ दाहाल | – प्रमुख प्रशासकीय अधिकृत | – सदस्य सचिव |

साथै वडास्तरमा पनि समन्वयका लागि तपसिल बमोजिमको आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्न समबन्धित वडालाई पत्राचार गर्ने निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| वडा अध्यक्ष | – संयोजक |
| वडा सदस्य १ जना | – सदस्य |
| वाणिज्य व्यापार संघ संस्थाको प्रतिनिधि ३ जना सदस्य | |
| सुरक्षा प्रतिनिधि | – सदस्य |
| वडा सचिव | – सदस्य सचिव |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

३. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमसञ्चलनका लागि तपसिल बमोजिमको सदस्य रहने गरी स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

श्री माधव प्रसाद अर्याल – गाउँपालिका अध्यक्ष – संयोजक
श्री होमनाथ दाहाल – प्रमुख प्रशासकीय अधिकृत – सदस्य
श्री लाल बहादुर तामाङ लामा- संयोजक, सामाजिक विकास समिति- सदस्य
श्री धर्मराज आचार्य – आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य
श्री सुनिता खतिवडा – सामाजिक विकास शाखा प्रमुख – सदस्य
श्री हिमालयन बैंक लि. का प्रतिनिधि – बैंक तथा वित्तीय संस्था प्रतिनिधि - सदस्य
श्री दिनेश अधिकारी – उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधि – सदस्य
श्री गणेश सापकोटा – रोजगार संयोजक – सदस्य सचिव

४. सति घाँटु नाच मूल समारोह समितिले ३ नं वडा कार्यालयमा बुद्ध जयन्तीको उपलक्ष्यमा सति घाँटु नाच समारोह सञ्चालनका लागि रकम उपलब्ध गराउन सम्बन्धित वडाको सिफारिस सहित अनुरोध गरेकोले उक्त समितिलाई स्थानीय पर्व तथा मेला व्यवस्थापन शीर्षकबाट रु.१,००,०००/-(अक्षरेपी एक लाख रुपैंया मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. उत्तरगया गाउँपालिकाको ३ नं वडामा रहेको भुमेदेवी मन्दिरमा वैशाख पूर्णिमाको उपलक्ष्यमा सम्पन्न गरिएको पूजाको लागि वडा नं.३ का लागि स्थानीय पर्व तथा मेला व्यवस्थापन शीर्षकबाट रु.५०,०००/-(अक्षरेपी पचास हजार रुपैंया मात्र) रकम उपलब्ध गराउने र २ नं. वडाका लागि सोही शीर्षकबाट रु.२२,०००/-(अक्षरेपी बाइस हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो।

६. उत्तरगया गाउँपालिकाको शिक्षा समितिको बैठकमार्फत तयार भई आएको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८२ उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।

७. बोगटीटारमा एकीकृत बस्ती विस्तार गरी बसोबास गरिरहेका स्थानीयहरुले मिति २०३८/०१/०३ गते १ नं वडा कार्यालयमा संयुक्त रुपमा दिएको निवेदन बमोजिम हाल खाइरहेको खानेपानी बासे खोला र काली खोलाको खानेपानी वैशाख महिनामा सुक्ने भएकोले पाखोला खानेपानी हाल बोगटीटारको जिरोडाँडामा रहेकोले सो खानेपानी पल्लो बोगटीटार एकीकृत बस्ती सम्म ल्याउनको लागि २० मि.मि को चार क्वाइल खानेपानी पाईपको लागि

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

अनुरोध गरेकोमा उक्त प्रयोजनको लागि प्राविधिक नापजाँचको आधारमा विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी खानेपानी पाइप खरिद गर्ने निर्णय गरियो ।

८. यस गाउँपालिको ठेक्का नं URM/NCB/WORKS/01/082/083 अनुसार वडा नं ४ र ५ मा निर्माण भइरहेको लहरेपौवा स्वास्थ्य चौकी र बोगटीटार सामुदायिक स्वास्थ्य इकाइ भवन मर्मत तथा निर्माण कार्यका लागि श्री सुशान्त कन्स्ट्रक्सनसँग सम्झौता भएकोमा उक्त कार्य सम्झौता भएको अवधि सम्म सम्पन्न नभएकोले उक्त ठेक्काको म्याद मिति २०८३ असार १५ गते सम्म थप गर्ने निर्णय गरियो ।

९. डाँडागाउँ आयुर्वेद शाखामा वैद्यको पदमा कार्यरत रहनुभएका श्री शुष्मा रैलाको मिति २०८३ वैशाख १ गतेबाट लागु हुने गरी राजिनामा स्वीकृत भएकोमा उत्तरगया गाउँपालिकाको अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०को दफा ६ को उपदफा ख बमोजिम निजको सेवा अवधि ७ वर्ष ६ महिना रहेकोमा निजलाई प्रत्येक वर्षको निम्ति खाइपाइ आएको एक महिना तलब बराबरको रकमहुन आउने रकम २,४६,७६५।– ( अक्षरेपी दुई लाख छयालीस हजार सात सय पैसठ्ठी ) उपलब्ध गराउने निर्णय गरियो।

१०. ५ नं. वडा कार्यालय भवन निर्माणको लागि अपुग भएको रकम रु.१७,००,०००/- (अक्षरेपी सत्र लाख रुपैंया मात्र) को भुक्तानी गर्न गाउँपालिबाट चालु आ.व.मा ठेक्का प्रक्रिया गर्दा बचेको रकमबाट भुक्तानी गर्ने र उक्त रकमको समायोजन आगामी (आ.व. २०८३/०८४) सभाबाट गर्ने निर्णय गरियो।

११. वेत्रावती प्रहरी चौकीको नाममा रहेको मोटरसाइकलको मर्मत गरिदिनुहुन भनी वेत्रावती प्रहरी चौकीवाट निवेदन प्रास भएको हुँदा उक्त मोटरसाइकल मर्मत गर्दा लागेको खर्च विल अनुसारको रकम रु.१३,२५०/-(अक्षरेपी त्रेह हजार दुइ सय पचास रुपैया मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

१२. उत्तरगया गाउँपालिकाको गाउँ कार्यपालिकाको १२४ औं बैठकबाट यस गाउँपालिका क्षेत्रका नदी तथा खोला किनारामा रहेका ढुङ्गा, गिट्टि, वालुवा लगायतको प्राकृतिक स्रोतको उपयोगमा कर संकलनका लागि टेन्डर आव्हान नभएको साथै लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका कारण उत्खनन तथा बिक्रिमा कठिनाईका कारण थोरैमात्रामा कर संकलन हुने भएकाले गाउँपालिका क्षेत्रभित्र मौज्दातमा रहेको र गाउँपालिका क्षेत्रबाट ओसार पसार हुने सामाग्रीको कर संकलनको कार्य तत्काललाई स्थगित गर्ने निर्णय गरियो।

१३. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा उल्लेखित व्यवस्था बमोजिम समिति मार्फत पेश भएका देहाय बमोजिमका निर्माण व्यवसाय फर्म तथा कम्पनीलाई तपसिल बमोजिमको क्षेत्रमा कार्यालय स्थापना गरी सञ्चालन गर्ने गरी सोही कार्यविधिको अनुसूची ३ बमोजिमको इजाजत प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो।
क. श्री काल भैरव ई. एण्ड बि. कन्स्ट्रक्सन प्रालि., उत्तरगया गा.पा-.५ .रसुवा।

१४. उत्तरगया गाउँपालिका वडा नं.१ स्थित काम्लुङ बस्तीका पहिरोबाट विस्थापित १६ घरपरिवारको स्थानान्तरण सम्बन्धमा जियोलोजिकल एण्ड जियो टेक्नीकल कन्सल्टेन्ट प्रा.लि. काठमाडौं(Geological And Geotechnical Consultant Pvt. Ltd. Kathmandu) ले अध्ययन गरी तयार पारेको इन्जिनियरिङ जियोलोजिकल साइट इन्भेस्टिकेशन एण्ड स्वीटेविलिटी एसिस्मेन्ट रिपोर्ट (Engineering Geological Site Investigation And Suitability Assessment Report) लाई अनुमोदन गर्ने र उक्त प्रतिवेदनलाई थप कार्यान्वयनको लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंलाई पठाउने निर्णय गरियो।

१५. यस कार्यालयको चालु आ.व. २०८२।०८३ को विषयगत शाखा (पशु सेवा शाखा) तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार औषधी खरिद तथा निःशुल्क वितरण कार्यक्रमको लागि आवश्यक पर्ने औषधी खरिद गर्न समानीकरण तर्फ रु.८,००,०००।(अक्षरेपी आठ लाख रुपैया मात्र।) रकम विनियोजन गरिएकोमा विद्युतिय सिलबदी दरभाउपत्र आवहान मार्फत रु.४,४३,१८०/-(अक्षरेपी चार लाख त्रिचाली हजार एक सय असी रुपैंया मात्र) को औषधी खरिद गरिएको र औषधी ढुवानी बापत गाडी भाडा रु.१९,८००/-(अक्षरेपी उन्नाइस हजार

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

आठ सय रुपैंया मात्र) खर्च भएकाले बाँकी रहेको रकम रु.३,३७,०२०/-(अक्षरेपी तिन लाख सैंत्रिस हजार विस रुपैंया मात्र) को आवश्यक पर्ने औषधी खरिद गर्ने निर्णय गरियो।

१६. यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा चालु आ.व. मा खरिद गरी वितरण गरिएको औषधीको मौज्दात अपुग भई सेवा प्रवाहमा असर पर्न सक्ने अवस्था देखिएको भनी सम्बन्धित स्वास्थ्य संस्थाहरुबाट औषधी माग फाराम पेस हुन आएको तथा अत्यावश्यक स्वास्थ्य सेवा निरन्तर सञ्चालन गर्न औषधी उपलब्ध गराउनुपर्ने भएकाले, प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम आधारभुत स्वास्थ्य सेवाका लागि अत्यावश्यक औषधी शीर्षकबाट औषधी खरिद गर्ने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत